उद्योगी-गभर्नर भेट

राहत प्याकेजमा सहजीकरण गर्न ७ बुँदे सुझाव

हिमालय टाइम्स
काठमाडौं, ५ माघ

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाको नेतृत्वको प्रतिनिधिमण्डलले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीसँग भेट गरी कोरोनाबाट प्रभावित उद्योग व्यवसायको पुनरुत्थानका लागि मौद्रिक नीतिमार्फत घोषित राहत प्याकेज कार्यान्वयन गर्न माग गरेको छ। मौद्रिक नीतिले व्यवस्था गरेको राहत प्याकेज कार्यान्वयनमा समस्याहरू रहेकोतर्फ भन्दै समस्या समाधानका लागि भन्दै ७ बुँदे सुझाव प्रस्तुत गरेको छ। महासंघ अध्यक्ष गोल्छाले कतिपय बैंक वित्तीय संस्थाले नीति र कार्यविधिमा उल्लेख भएअनुसारको सुविधा प्रदान गर्न आनाकानी गर्दा कोरोना प्रभावित उद्योगी व्यवसायी थप समस्यामा पर्न गएको गुनासो महासंघमा निरन्तर आइरहेको जानकारी गराउँदै विद्यमान परिस्थितिमा उद्यम व्यवसाय तंग्रिन र फस्टाउन ७ बुँदे सुझाव कार्यान्वयन आवश्यक रहेको बताउनुभयो। महासंघका अनुसार हाल अर्थतन्त्रमा केही आए पनि राष्ट्र बैंककै अध्ययनले ५४ प्रतिशत व्यवसाय मात्र उद्योग व्यवसाय सञ्चालनमा आएको देखाइसकेको छ। सञ्चालनमा रहेका अधिकांश व्यवसाय पनि खासगरी बजारमा माग नबढेर अझै नगद अभाव झेलिरहेका छन्। त्यसैले पुस मसान्तसम्म दिइएको कर्जाको साँवा ब्याज बुझाउने अवधि ३ महिना थप गरी चैत मसान्तसम्म पुऱ्याउनुपर्ने महासंघको माग रहेको छ।

त्यस्तै, मौद्रिक नीतिमार्फत ५० अर्बको छुट्टै कोष बनाएर व्यवसाय निरन्तरताका

> महासंघले १० महिनादेखि प्रभावित व्यवसाय सञ्चालनमा कठिन भइरहेको भन्दै यस्तो अवस्थामा राहत कर्जा बिना झञ्झट उपयोग गर्न पाउने व्यवस्था गर्न माग गरेको छ।

लागि दिइने कर्जा हालै मात्र कार्यान्वयन सुरु भएको जनाउँदै करिब १० महिनादेखि प्रभावित व्यवसाय सञ्चालन गर्न कठिन भइरहेको पनि महासंघले जनाएको छ। यस्तो अवस्थामा उक्त कर्जा बिना झञ्झट उपयोग गर्न पाउने व्यवस्थाका लागि केन्द्रीय बैंकले विशेष भूमिका खेल्नुपर्ने राष्ट्र बैंकले जनाएको छ। साना तथा मझौला उद्यम लक्षित पुनर्कर्जा लिन जाँदा पनि बैंक वित्तीय संस्थाले विभिन्न वहानामा काम नगरिदिने गुनासो आइरहेको भन्दै प्रक्रियागत सरलताका लागि पनि राष्ट्र बैंकसँग आग्रह गरिएको छ।

गभर्नरले बारम्बार आग्रह गर्दा पनि कतिपय बैंक वित्तीय संस्थाले उद्यमी व्यवसायीलाई विभिन्न वहानामा कालोसूचीमा राख्ने गरेको गुनासो गर्दै यस्तो अवस्थामा एकतर्फीरूपमा कालोसूचीमा नराखिदिन बैंक वित्तीय संस्थालाई आग्रह गर्दै प्रभावकारी अनुगमन गर्न पनि महासंघले ध्यानाकर्षण गराएको छ। साथै लगातार दुई वर्ष घाटामा गएको ऋणीलाई वाचफुल लिष्टमा राख्ने व्यवस्था पनि तत्काललाई स्थगित गर्न माग गरेको छ। ऋणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ त्यसका लागि महासंघको बैंकिङ समितिले विस्तृत अध्ययन गरी राष्ट्र बैंकसमक्ष प्रस्तुत गर्ने पनि महासंघले जानकारी गराएको छ।

त्यस्तै, अनलाइन भुक्तानी बढ्दै गइरहेको सन्दर्भमा सीमा बढाउन र आवश्यक सुरक्षाको व्यवस्थामा जोड दिँदै सरकारी राजस्व, दस्तुर सेवा शुल्क अनिवार्यरूपमा अनलाइन भुक्तानी गर्ने गरी समयसीमा तोकेर कानुनी र अन्य व्यवस्था गर्न महासंघ सहकार्यका लागि तयार रहेको जनाएको छ। क्रेडिट रेटिङ गरिएका ऋणमा अन्य प्रक्रिया पनि पूरै अवलम्बन गर्नुपर्दा समय र खर्च बढेको छ भन्दै पुनरावलोकन गर्न माग गरेको छ। त्यसो त महासंघले कोरोना संक्रमण र रोकथामका लागि लगाइएको लकडाउन र निषेधाज्ञाबाट प्रभावित उद्यम व्यवसायलाई आर्थिक वर्ष ०७७/७८ को मौद्रिक नीतिमार्फत प्राप्त सहुलियतबाट पुनर्कर्जा, व्यावसायिक निरन्तरता कर्जा र ऋणको पुनर्तालिकीकरण जस्ता कार्यक्रमले समग्रमा राहत महसुस भएको जानकारी गराउँदै सरकार तथा राष्ट्र बैंकलाई धन्यवादसमेत दिएको छ। गभर्नर अधिकारीले भने कोरोना प्रभावित उद्योग व्यवसायको पुनरुत्थानका लागि महासंघसँग सहकार्य गर्ने प्रतिबद्धता जनाउँदै कोरोनाबाट साच्चिकै समस्यामा परेका उद्यमी व्यवसायीका विषयमा महासंघसँग बसेर निर्णय गर्ने बताउनुभयो।

साथै राष्ट्र बैंकले उपलब्ध गराएका पुनरकर्जालगायतका सुविधा सम्बन्धमा महासंघसँग सहकार्य गरी सातै प्रदेशमा सचेतनामूलक कार्यक्रम लैजाने जानकारीसमेत गराउनुभएको महासंघले जनाएको छ। सबैको ध्यान यतिबेला उद्योग व्यवसायलाई पूर्वावस्थामै फर्काउनेतर्फ रहेको भन्दै राष्ट्र बैंक पनि यसतर्फ केन्द्रित रहेको र महासंघले उठाएका विषय सम्बोधन गर्नेतर्फ सक्दो सहयोग गर्ने गभर्नरले विश्वास व्यक्त गर्नुभयो।

गुणस्तरीय शिक्षामा चौधरीको जोड

हिमालय टाइम्स
काठमाडौं, ५ माघ

चौधरी ग्रुपका अध्यक्ष एवं सांसद विनोद चौधरीले शिक्षा मानव जीवनका लागि वरदान भएकोले कुनै पनि बहानामा बालबालिका यसबाट वञ्चित हुन नहुने बताउनुभएको छ। भारतका 'द पोलिसी टाइम्स' र 'शिव नादर युनिभर्सिटी'द्वारा आयोजित 'वर्ल्ड एजुकेसन कन्फ्रेन्स-२०२१'मा प्रमुख अतिथिका रूपमा बोल्दै चौधरीले विश्वभरका मानवको जीवनस्तर उकास्न गुणस्तरीय शिक्षामा केन्द्रित हुनुपर्ने बताउनुभएको हो। ठूला व्यापारिक संस्थाले सामाजिक उत्तरदायित्वका रूपमा गुणस्तरीय शिक्षाका लागि सघाएमा मानव विकासको फड्को मार्न सकिने उहाँको भनाइ छ। 'बिजनेस विथ पर्पस'को मन्त्र स्मरण गर्दै चौधरीले भारत र नेपालका युवाशक्तिको सन्दर्भ जोड्दै भन्नुभयो, 'भारत र नेपालमा विश्वकै ठूलो युवा जनसंख्या छ, यो पुस्तालाई समय सुहाउँदो शिक्षामा डोऱ्याउन सके भोलिको संसार आफै उज्यालो हुन्छ, पेशा, व्यवसाय गर्नमात्र होइन, राम्रो शिक्षाले जीवनप्रतिको दृष्टिकोण नै बदलिदिन्छ।' सिजी कर्प ग्लोबलअन्तर्गतको सीजी एजुकेसनले नेपाल, भारतलगायत एसिया र अन्य मुलुकमा गुणस्तरीय शिक्षाका लागि परोपकारी काम गर्दै आएको पनि चौधरीले जानकारी गराउनुभयो।

चौधरी फाउण्डेसनले नेपालमा डिजिटल क्लास

रूम कार्यक्रम सञ्चालन गर्दै आएको छ। नेपाली बालबालिकालाई विश्वव्यापी आधुनिक शिक्षा प्रणालीमा आबद्ध गर्न, सूचना र शिक्षाको पहुँचमा पुऱ्याई उनीहरूलाई विश्वव्यापी प्रधिस्पर्धी बन्न सक्ने बनाउन यो कार्यक्रम लागू गरिएको हो।

सम्मेलनअन्तर्गत 'राष्ट्रिय शिक्षा नीति २०२०– शिक्षाको भविष्य र कार्यान्वयनको मार्गचित्र (एनइपी)' नामक सत्रमा अध्यक्ष चौधरीको आत्मकथा 'मेकिङ इट बिग'सँगै उहाँको जीवनका आरोह-अवरोहका बारेमा चर्चा गरिएको थियो। आत्मकथा विश्वभर ६ भाषामा अनुदित भएको छ। उक्त सत्रमा एनइपी मस्यौदा समितिका सदस्य डा. एमके श्रीधर, एभरग्रिन फाउण्डेसनका संस्थापक डा. चेतन सिंगाई, फिक्कीका महासचिव दिलीप चेनोई, मारुती सुजुकी इण्डियाका कार्यकारी सल्लाहकार एसवाई सिद्दिकी, इस्ट वेस्ट युनिभर्सिटी (बंगलादेश)का संस्थापक उपकुलपति प्राडा मोहम्मत फरासुद्दिनलगायतले पनि बोलेका थिए।

एनसेलको 'बिजप्लस' प्लान

काठमाडौं/हिटा। एनसेल आजियाटा लिमिटेडले सानादेखि ठूला सबै प्रकारका उद्योग, प्रतिष्ठान र कार्यालयलाई आवश्यकताअनुसारको सम्पूर्ण सेवा प्रवाह गर्न 'बिजप्लस'प्लान ल्याएको छ।

कोरोनाका कारण देशभरका साना, ठूला सबै प्रकारका उद्योग व्यवसायले चुनौतीहरूको सामना गर्नुपरिरहेको अवस्थालाई मध्यनजर गर्दै एनसेलले हाल सञ्चालनमा रहेको आफ्नो फास्ट फरवार्ड लाइफ अभियानअन्तर्गत नयाँ बिजप्लस प्लान ल्याएको जनाएको छ। यस अभियानले भविष्यको पुन:कल्पना गर्दै डिजिटल पावरका साथ छिटो अगाडि बढ्न अभिप्रेरित गर्ने पनि कम्पनीको दावी छ।

रक्सौल डिपोबाट पेट्रोलियम आयात बन्द

हिमालय टाइम्स
काठमाडौं, ५ माघ

नेपाल आयल निगमले रक्सौल डिपोबाट पेट्रोलियम आयात बन्द गरेको छ। इण्डियन आयल कर्पोरेसनले (आइओसी) २ वर्षभन्दा बढी समयदेखि सुरक्षाको कारण देखाउँदै उक्त डिपो सञ्चालनमा समस्या भएको जनाउँदै आएकोले निगमले पनि उक्त डिपोबाट पेट्रोलियम आयात बन्द गर्ने निर्णय गरेको जनाएको छ। डिपो बन्दको निर्णयपछि रक्सौल डिपोबाट पेट्रोलियम आयात गरिरहेका बारा र पर्साका पेट्रोलियम व्यवसायीका लागि निगमको २ नम्बर प्रादेशिक कार्यालयमा खरिदको व्यवस्था गरिएको पनि निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभएको छ।

यसअघि, रक्सौल नाकाबाट लोड लिई निगमको वीरगञ्ज शाखाबाट बिलिङ गर्दै आएको पेट्रोलियमका अधिकृत बिक्रेताले अब २ नम्बर प्रादेशिक कार्यालयबाट पेट्रोलियम पदार्थ लिने र बिलिङ गर्नुपर्नेछ। निगमले लागू गरेको नयाँ व्यवस्थामा अन्योल उत्पन्न भएपछि निगमको केन्द्रीय कार्यालयबाट गएको टोली र बारा/पर्सा पेट्रोलियम डिलर्स एसोसिएसन तथा स्थानीय प्रशासनबीच छलफलसमेत गरिएको प्रवक्ता उपाध्यायले बताउनुभएको छ। मोतीहारी-अमलेखगञ्ज पाइपलाइनको अधिकतम उपयोग नभएसम्म वा आइओसीले मोतिहारी डिपोको संरचना निर्माण कार्य पूरा नगरे पेट्रोलियम सहज आपूर्ति नहुने तथा निगमको लागत बढ्ने पनि निगमको भनाइ छ।

निगमका अनुसार गत डिसेम्बरमा अमलेखगञ्ज डिपोबाट १ लाख किलोलिटरभन्दा बढी पेट्रोलियम आपूर्ति गर्न रक्सौल डिपोबाट ४० हजार किलोलिटर र पाइपलाइनबाट ६० हजार किलोलिटर आयात भएको छ। रक्सौल डिपोबाट पेट्रोलियम ल्याउन बन्द भएपछि बारा र पर्साका अधिकृत बिक्रेताले पेट्रोलियम डिलर्स एसोसिएसनको समन्वयमा प्रदेश २ प्रादेशिक कार्यालयबाट खरिद गर्ने सहमति जनाइसकेको पनि निगमले उल्लेख गरेको छ।

सूर्या लाइफको बोनस शेयर पारित

काठमाडौं/हिटा। सूर्या लाइफ इन्स्योरेन्सको १२ औं वार्षिक साधारणसभाले शेयरधनीलाई चुक्ता पुँजीको ५ प्रतिशतले हुने १० करोड ७७ लाख ५६ हजार ९ सय रुपैयाँबराबरको बोनस शेयर र सो बोनस शेयरमा लाग्ने करसहित ५.५२६ प्रतिशतका दरले हुने रकम ११ करोड ९० लाख ९९ हजार ७ सय ११ रुपैयाँ नगद लाभांश गरी जम्मा १०.५२६ प्रतिशत बराबरको रकम २२ करोड ६८ लाख ५६ हजार ६ सय ११ रुपैयाँ लाभांश पारित गरेको छ। साधारणसभामा निमित्त प्रमुख कार्यकारी अधिकृत पवनकुमार खड्काले कम्पनीको प्रगतिबारेमा जानकारी गराउनुभएको थियो।

आपो ए १५

काठमाडौं/हिटा। ओपोले नेपालमा आफ्नो नयाँ ह्याण्डसेट ओपो ए १५ सार्वजनिक गरेको छ। एआई ट्रिपल क्यामेरा र ६.५२ इन्चको स्क्रिन रहेको ए १५ ले नेपाली उपभोक्ताले मनपराउने कम्पनीको दावी छ। यसमा १३ एमपीको मुख्य क्यामेरा र ४ सीएमसम्मका क्लोज सट्स खिच्न २ एमपीको माक्रोलेन्स समेतको सुविधा रहेको छ। ओपो ए १५मा ३ जीबी ञ्यामका साथमा ३२ जीबी आन्तरिक मेमोरी रहेको छ भने आवश्यकता २५६ जिबीसम्म बढाउन सकिने सुविधासमेत रहेको छ। यसको मूल्य भने १८ हजार ५ सय ९० रुपैयाँ रहेको कम्पनीले जनाएको छ।

ई-सेवा मनी र लिगल रेमिटबीच सम्झौता

काठमाडौं/हिटा। ई-सेवा मनी ट्रान्सफर र अष्ट्रेलियाको लिगल रेमिटबीच रेमिट्यान्स् भुक्तानी सम्झौता भएको छ। सम्झौतापत्रमा ई-सेवा मनीका प्रबन्ध निर्देशक अजेश कोइराला र लिगल रेमिटका निर्देशक विवेक ढकालले हस्ताक्षर गर्नुभएको छ। अष्ट्रेलियाबाट नेपालीहरूले नगदमा तथा कुनै पनि बैंक खातामा र ई-सेवा वालेटमा रकम पठाउन सक्नेछन्। नगदमा पठाइएको रकम ई-सेवा मनी ट्रान्सफरका नेपालभर रहेका ८ हजारभन्दा धेरै एजेन्ट तथा ई-सेवा वालेट एपमार्फत पनि प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ। नगदमा पठाइएको रकम ई-सेवा वालेटमा रिसिभ गर्दा ५५ रुपैयाँ अतिरिक्त क्यास ब्याकसमेत प्राप्त हुने बताइएको छ।

सातौं महिला उद्यमी सम्मेलन

काठमाडौं/हिटा। वुमन हु इन्सपायर: इन द टाइम अफ क्राइसिस, लुक्स फर अपरचुनिटिज भन्ने नाराका साथ नेपाल युवा उद्यमी मञ्चले सातौं महिला उद्यमी सम्मेलन-२०२१ आयोजना गरेको छ। सम्मेलनमा १५० भन्दा बढी महिला उद्यमीको सहभागिता रहेको आयोजकले जनाएको छ। यसवर्ष कोरोनाका कारण भर्चुअल माध्यमबाट सम्मेलन आयोजना गरिएको बताइएको छ। लक्ष्मी बैंकको प्रायोजनमा आयोजित सम्मेलनलाई अन्तर्राष्ट्रिय श्रम संगठन, कारखाना, डिजाइन पार्टनर एक्ट ३६०, प्रविधि पार्टनर भायानेट र भुक्तानी पार्टनर ईसेवाले सहयोग गरेका थिए। सम्मेलनमा उद्यमी, श्रमिक महिला, व्यावसायीलगायत विभिन्न विज्ञ र विद्यार्थीको सहभागिता रहेको आयोजकले जनाएको छ। राष्ट्रिय युवा परिषद्का कार्यकारी सञ्चालक माधवप्रसाद ढुंगेलले महिला उद्यमीलाई प्रोत्साहन गर्न नेपालका हरेक क्षेत्रमा महिलाको सहभागिता हुनुपर्नेमा जोड दिनुभएको थियो भने अन्तर्राष्ट्रिय श्रम संगठनका संयोजक प्रकाश शर्माले महिला उद्यमीले कोरोनाको बेला भोग्नुपरेका समस्याबारेमा चर्चा गर्नुभएको थियो।

Rapti Municipality
Office of Municipal Executive
Bhandara, Chitwan
Bagmati Province, Nepal

Invitation for Bids

Date of Publication: 6th Magh 2077 (19th January, 2021)

Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan invites online bids only under E-procurement system from eligible bidders for the supplying of Fabricated steel part under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

S. N.	Contract ID	Works Descriptions	Bid Document Fee Details	Estimated amount (Without VAT)	Bid Validity	Bid Security Amount and Validity	Last Date of Bid Submission
1	001/Goods/ NCB/RM/0 77/078	Procurement of Fabricated Steel part for Trial Bridges	NRs.: 3000 Bank: NIC Asia Bank Ltd. Account No.: 0982050029409002 Account Name: Rapti Municipality, Office of Municipal Executive,	NRs. 17,77,412.11	90 Days	NRs.51,000.00 (30 days after bid validity)	7th Falgun 2077(19th February 2021), 12:00 hours

Khandachakra Municipality
Office of the Municipal Executive
Khandachakra, Kalikot District
Karnali Province, Nepal

Invitation of Bids

First Date of Publication: 2077/10/06 (19/01/2021)
Last Date of bid submision : 2077/11/06 (18/02/2021) 12:00 PM
Bid opening date : 2077/11/06(18/02/2021) 1:00 PM

1. Office of the Municipal Executive Khandachakra, Kalikot following works sealed bid form eligible nepalese bidders under national competitive bidding.
   - invites sealed bids from registered fabricators for Fabrication and supply of steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
   - Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years are eligible for the bidding. New fabricators may also apply in joint venture with an eligible fabricator having the required experience. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the minimum requirements.
2. The details of the project is as follows.

S. N.	Contract No.	Description of Works	Bid Secutriy Amount	Bid Document fee	Bid validity/Bid bond validity period	Estimated amount (including VAT)
1	NCB/04/KKT/ GSB-077/078	Fabrication of steel parts and transportation up to road heads of GorseKhola Suspended Bridge.	24000.00	1500.00 fee Deposited on Revenue (Rajeshwo) Accont No. 41200301010002	120 days from last date of bid submission	Rs. 9,22,136.91

3. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Account No 41200303000002 Rastriya Banijya Bank Manma, Kalikot or the bid security can be shown in the form of bank gurantee in favor of Khandachakra Municipality and submit bank deposit voucher along with the bid.
4. Eligible Bidders may obtain for further information form Khandachakra Municipality, Office of the Municipal Executive Khandachakra, Kalikot. Contact No 9858081504, 9851181105

Chief Administrative Officer

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : आशुतोष प्रिन्टर्स, बालकुमारी, ललितपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल